# धुर्कोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

प.सं.:२०८१/०८२
च.न.: –

लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८१/०४/१७**

यस धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा देहाय बमोजिमका पदमा सेवा करारमा पदपूर्ती गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ईच्छुक उम्मेदवारहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपी संलग्न राखी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवेदन दस्तुर | संख्या |
|---|---|---|---|---|---|
| १ | ०२/२०८१/०८२ | रोजगार सहायक | सहायक स्तर पाँचौ तह | ५०० | १(एक) |
| २ | ०३/२०८१/०८२ | फिल्ड सहायक | सहायक स्तर चौथो तह | ४०० | १(एक) |

**१. योग्यता र अनुभवः**

- नेपाली नागरिक हुनुपर्नेछ।
- अनुभवीलाइ विशेष प्राथमिकता दिइनेछ।
- विज्ञापन नं. ०२/२०८१/०८२ को लागि दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र विज्ञापन नं. ०३/२०८१/०८२ को लागि दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क. रोजगार सहायकको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको, आधारभुत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

ख. फिल्ड सहायकको हकमा कम्तीमा एसएलसी (SLC/SEE) वा सो सरह उत्तिर्ण गरेको।

**३. दरखास्त दिने स्थान :-** धुर्कोट गाउँपालिकाको कार्यालय, बर्बोट गुल्मी।

**४. दरखास्त दिने अन्तिम मिति :-** सूचना प्रकाशन गरेको मितिले १५ दिन (२०८१/०४/३१ गते) भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

**५. छनौटको किसिम :-** विज्ञापन नं. ०२/२०८१/०८२ को हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता र विज्ञापन नं. ०३/२०८१/०८२ को हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता।

**६. आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नेपाली नागरिकताको प्रतिलिपि
ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग. चारित्रिक प्रमाण पत्र
घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ. तालिमको प्रमाणपत्र
च. २ प्रति पासपोर्ट साईज फोटो

**७. सेवा सुविधा :** गाउँपालिकाको निर्णय बमोजिम।

**८. अन्य :**

क. विज्ञापन नं. ०२/२०८१/०८२ को हकमा स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धि मापदण्ड, २०७८ बमोजिम हुनेछ।

ख. विज्ञापन नं. ०३/२०८१/०८२ को हकमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार, काठमाण्डौंको सेवा ईकाइको लागि जनशक्ति छनौट सम्बन्धि मापदण्ड, २०७६ बमोजिम हुनेछ।

***थप जानकारीको लागी सम्पर्क : ९८६७९२३८२०***

२०८१/०४/१६

खड्क बहादुर थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत